नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# वालिङ नगरपालिका कार्यालय

वालिङ, स्याङजा ।
२०५४

☎०६३-४४०११३
४४०१७७
४४०१८२

पत्र संख्या:२०७२/२०७३
चलानी नं. ८३०

मिति:२०७२।०५।२४

विषय: सूचना प्रशारण गरिदिने सम्वन्धमा ।

नेपाल सरकारबाट स्वीकृत सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ बमोजिम यस वालिङ नगरपालिका क्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिहरुले मिति २०७२ मंसीर १५ गते भित्र नगरपालिका कार्यालयमा गई आ-आफ्नो परिचय पत्र नविकरण गर्नु हुन जानकारी गराइन्छ । उक्त मिति भित्र दरखास्त दिई नविकरण नगर्नेहरुले २०७३ श्रावण १ गते देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । नयां दर्ता गर्ने व्यक्तिहरुले समेत उक्त मिति भित्र दर्ता गरी सक्नुपर्नेछ । साथै चालु आ.व.२०७२/०७३ को प्रथम चौंमासिक भत्ता वितरण हुनु पूर्व कार्तिक मसान्त भित्र सवै भत्ता पाउने व्यक्तिहरुले नेपाल बैंक लिमिटेड, शाखा कार्यालय वालिङमा गई आ-आफ्नो नाउंमा बैंक खाता खोल्नु हुन समेत यसै सूचनाद्धारा मार्फत जानकारी गराईएको छ ।

**नविकरण गर्न नगरपालिका कार्यालय जांदा लैजानुपर्ने कागजातहरु:**

१. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नागरिकता प्रमाणपत्रको फोटो कपी १ प्रति
२. भत्ता पाउने व्यक्तिको सक्कलै परिचय पत्र
३. पासपोर्ट साईजको २ प्रति फोटो ।
४. भत्ता पाउने व्यक्ति स्वयं उपस्थित भै आ-आफ्नो वडाका वडा सचिवहरु मार्फत नविकरण गराउनुपर्नेछ

**बैंक खाता खोल्नका लागि नेपाल बैंक लिमिटेड शाखा वालिङमा जांदा लैजानुपर्ने कागजातहरु:**

१. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नागकिता प्रमाणपत्रको फोटो कपी १ प्रति
२. नविकरण गरेको परिचय पत्रको फोटो कपी १ प्रति
३. पासपोर्ट साईजको २ प्रति फोटो ।
४. भत्ता पाउने व्यक्ति स्वंय उपस्थित भै बैंक कर्मचारी मार्फत आ-आफ्नो नाउंमा बैंक खाता खोल्नु पर्नेछ

...........................
(कार्यकारी अधिकृत)
कार्यकारी अधिकृत